क-)६९ ७३८०


श्री
सर्वोच्च अदालत
मुद्दा तथा रिट महाशाखा
(रिट ६)

महाशाखा प्रमुख (फोन नं.) ०१-४२६२४९०
फ्याक्सः ०१-४२६२८७८,
४२६२३९८, ४२६२३९७, ४२६२८९५
Email:writ6.supreme@supremecourt.gov.np


मितिः- २०८०-०२-२५

च. नं.: ४८२९९

मुद्दा नं- ०७९-WH-०१३४

महान्यायाधिवक्ताको कार्यालय
नेपाल
दर्ता नं. २०८७५
दर्ता मितिः ०२।२५
फाँटको दर्ता नं.

विषयः- आदेश / फैसलाको जानकारी पठाएको सम्बन्धमा ।

श्री महान्यायाधिवक्ताको कार्यालय

पुनरावेदक/निवेदक **Aftab Hamaza Jasnaik** समेतको हकमा अधिवक्ता सकुन भण्डारी र प्रत्यार्थी/विपक्षी सरकारी वकिल कार्यालय बबरमहल काठमाडौं समेत भएको बन्दीप्रत्यक्षीकरण विषयको रिट निवेदन भएको आदेशनुसार मिति २०७९/१०/१९ मा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहरी फैसला भएकोहुदा सो फैसलाको प्रमाणित प्रतिलीपी यसै पत्रद्वारा पठाईएको व्यहोरा अनुरोध छ। साथै उक्त फैसलाको जानकारी विपक्षीहरुलाई गर्नु गराउनु हुन अनुरोध छ।

दिलिपराज घिमिरे
रिट ६

०८०/०२/२८
शा.अ. रमेशप्रसाद आचार्य
शाखा प्रमुख

श्री सूचना प्रविधि शाखा,

कसूरको अनुसन्धानका लागि बाँकी व्यक्तिलाई हिरासतमा राख्न अदालत/मुद्दा हेर्ने अधिकारी संग म्याद थप माग गर्दा अपनाउनुपर्ने सावधानीका बारेमा यो आदेश सबै सरकारी वकील र अनुसन्धानकर्ताले अध्ययन गर्न जरुरी देखिएकोले यस आदेशलाई महान्यायाधिवक्ताको कार्यालयको वेबसाइट अन्तर्गतको सम्बन्धित पोर्टलमा अपलोड गर्नुहुन।

खेमराज पराजुली
सहन्यायाधिवक्ता

सर्वोच्च अदालत
काठमाडौं
सर्वोच्च अदालत
सक्कल बमोजिम प्रमाणित
०८/०२/२८

# सर्वोच्च अदालत, संयुक्त इजलास

## माननीय न्यायधीश श्री अनिल कुमार सिन्हा

## माननीय न्यायाधीश डा.श्री कुमार चुडाल

## आदेश

०७९-WH-०१३४

मुद्दाः-बन्दीप्रत्यक्षीकरण।

भारत देश A/2 Bhagirati Villa Amrut Nagar Ghatkopar घर भई हाल महानगरीय प्रहरी वृत्त कालिमाटी काठमाडौंमा हिरासतमा राखिएका Hamza Abdul Rehman Jasnaik का छोरा वर्ष ५५ का AFTAB HAMZA JASNAIK--------------------१

भारत देश C-401, 402 Marve Manor, Kharodi Village Malad Mumbai घर भई हाल महानगरीय प्रहरी वृत्त कालिमाटी काठमाडौंमा हिरासतमा राखिएका Ravi Dindayal Agrawal छोरी वर्ष ३० की KAJAL RAVI AGRAWAL----------------१

भारत देश 27 Hem Bagh Colony Officers Enclave Patiala १४७००१ घर भई हाल महानगरीय प्रहरी वृत्त कालिमाटी काठमाडौंमा हिरासतमा राखिएका Mahendra Raj Singh का छोरा वर्ष ४१ का GURCHARAN SINGH MEHTA-------------१

भारत देश 129, Extension -III Nangloi Delhi घर भई हाल महानगरीय प्रहरी वृत्त कालिमाटी काठमाडौंमा हिरासतमा राखिएका Pawan Kumar Verma का छोरा वर्ष २९ का ANUBHAV VERMA-----------------------------------------१

भारत देश 1581 | KH-104 | 4 | 2, Block-B Baba Colony, Burari, Delhi घर भई हाल महानगरीय प्रहरी वृत्त कालिमाटी काठमाडौंमा हिरासतमा राखिएका Atul Sharma का छोरा वर्ष २८ का HARSH SHARMA-------------------------१

समेत ५ जनाको हकमा म्यादी जिल्ला, बेनी नगरपालिका वडा नं. ९ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २६ बस्ने अधिवक्ता सकुन भण्डारी---------------------------------------------१

निवेदक

## विरुद्ध

श्री जिल्ला सरकारी वकील कार्यालय बबरमहल, काठमाडौं--------------१

श्री जिल्ला प्रशासन कार्यालय बबरमहल, काठमाडौं---------------------१

श्री प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाडौं----------१

श्री प्रहरी वृत्त, कालिमाटी काठमाडौं-------------------------------------१

प्रत्यर्थी

नेपालको संविधानको धारा ४६ तथा १३३(२) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं यस अदालतको आदेश यस प्रकार रहेको छः-

<u>तथ्यगत बेहोरा</u>

१. निवेदक पाँचजना भारतीय नागरिकहरु नेपालमा पहिलो पटक सँगै काम गर्ने साथीभाई मिली छुट्टी मनाउन घुम्न आएको र काठमाडौंस्थित सोल्टी होटलमा बसी विदेशी पर्यटक भारतीय साथीभाईसँग भेट भई उनीहरुसँग पेशागत सामान्य छलफल गर्ने क्रममा मिति २०७९।१०।८ गते पक्राउ परी महानगरीय प्रहरी वृत्त, कालिमाटीमा लगि थुनामा राखिराखेको अवस्था रहेछ। यसै सन्दर्भमा जिल्ला प्रशासन कार्यालयबाट १० दिनको म्याद थप भएको भन्ने जानकारी प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालयमा गई बुझ्दा तथा निजहरुको पक्राउपुर्जी र थुनुवापुर्जी हेर्दा निज भारतीय नागरिकहरुलाई नेपाल सरकारबाट विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ विपरीतको कसूर उद्योग अन्तर्गत थुनामा राख्ने गरी थुनुवापुर्जी दिएको तथ्यगत अवस्था छ। प्रस्तुत बन्दीप्रत्यक्षीकरण रिट निवेदन दायर गर्नुपर्ने कारणहरु निम्नानुसार रहेका छनः-

क. **अनुसन्धान अधिकारी तोकेको कार्यविधिमा त्रूटीः-** यसमा निवेदकहरुलाई विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ अन्तर्गत सजाय हुने कसूरका मुद्दामा नेपाल सरकार वादी हुने भनी यस ऐनको दफा ५ मा उल्लेख छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले अनुसूची-२ भित्रपर्ने फौजदारी कसूरको वर्गिकरण गरेको छ। यस ऐनमा अनुसन्धान अधिकारी को हुने भन्ने प्रष्टता छैन् तर फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८(७) मा अनुसूची-२ मा उल्लिखित कसूरको अनुसन्धानमा कानूनमा कुनै अधिकारी तोकिएकोमा सोही अधिकारीबाट र त्यस्तो अधिकारी नतोकिएकोमा सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीबाट अनुसन्धान हुनेछ भन्ने प्रावधान उल्लेख भएता पनि यस कसूरमा अनुसन्धान अधिकृत कालिमाटी प्रहरी वृत्तलाई तोकीएको छ र वृत्तले अधिकार प्रत्योजन गरी अनुसन्धान अधिकृत तोकेकोबाट आफैमा DUE PROCESS OF INVESTIGATION को विपरीत कानूनले दिएको अधिकार भन्दा विपरीत गई निवेदकहरुलाई अवैधरुपमा गैरकानूनी हिरासतमा राखेको हुँदा तत्काल २४ घण्टा भित्र थुनुवा र मिसिल झिकाई हेरी

बन्दीप्रत्यक्षीकरणको रिट जारी गरी हिरासत मुक्त गरी पाउँ।

ख. **जिल्ला प्रशासन कार्यालयबाट अनुसन्धानलाई म्याद थप गैरकानूनीः-** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(२)(३)ले गैरकानूनी हिरासतमा राख्न नहुने र हिरासतमा राख्नु परेमा अनुसन्धान अधिकारीले त्यसको आधार कारण खुलाई सरकारी वकील कार्यालय मार्फत मुद्दा हेर्ने अधिकारी वा निकाय समक्ष हिरासतमा राखी अनुसन्धान गर्न अनुमतिको निवेदन दिनु पर्नेछ भनी प्रष्ट उल्लेख गरे पनि न्याय प्रशासन ऐन, २०७३ को दफा ७(१) ले प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफनो जिल्ला भित्रको जुनसुकै प्रकृतिका मुद्दामा सुरु कारबाही र किनारा गर्ने अधिकार हुनेछ भन्ने कानुनी व्यवस्था रहेकोमा निवेदकहरुलाई हिरासतमा राखि अनुसन्धान गर्ने अनुमति दिने अधिकारप्राप्त निकाय काठमाडौं जिल्ला अदालतको अधिकारक्षेत्रभित्र पर्ने प्रष्ट कानुनी प्रकृया हुँदाहुँदै पनि मिति २०७१।१०।९ मा कालिमाटी प्रहरी वृत्तको पक्राउपुर्जी स्वीकृत गराई जिल्ला सरकारी वकील कार्यालय काठमाडौं मार्फत जिल्ला प्रशासन कार्यालय काठमाडौंमा उपस्थित गराई पक्राउ मितिदेखि थप १० दिनको म्याद थप अनुमति लिई निवेदकहरुलाई हिरासतमा राखिएको छ। अधिकार क्षेत्रात्मक त्रूटी गरेको, लाग्नै नसक्ने कानूनको आधारमा मुद्दा ग्रहण गरी थुनुवापुर्जी थमाई गैरकानूनी रुपमा अधिकार नै नभएको निकायबाट म्यादथप गरी अनुसन्धानको लागि हिरासतमा राखेको हुँदा उक्त कार्य नेपालको संविधान र प्रचलित कानून विपरीत भएको हुँदा निवेदकहरुको हकमा बन्दीप्रत्यक्षीकरणको रिट जारी गरी गैरकानूनी थुना मुक्त गरिपाउँ।

ग. **लाग्नै नसक्ने कानूनको आधार र व्यक्तिहरुको हकमा मुद्दा ग्रहण गरी हिरासतमा बन्दी बनाइएकोः-** विपक्षीहरुले विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ को प्रयोग गरी निवेदकहरुलाई हिरासतमा राखेको पाइयो जुन उनी विदेशीहरुको हकमा आकर्षित हुदैन। ऐ. ऐनको दफा १(२) मा प्रष्टरुपमा यो ऐन नेपालभित्र वा बाहिर जहाँसुकै रहे बसेका सबै नेपाली नागरिक र नेपाल भित्र स्थापित भएका संगठित संस्थाहरुलाई लागू हुनेछ भन्ने व्यवस्था छ। यी भारतीय निवेदकहरु पहिलोपटक नेपालमा आएका हुन, स्थाईरुपमा नेपालमा बसोबास गर्ने पनि होइनन् र यस ऐन अन्तर्गत कसूर पनि गरेको स्थापित हुँदैन। यस प्रकारको

घटनामा र यसै ऐनले पनि उद्योगको बारेमा कुनै पनि दफा समावेश गरेको छैन्। तसर्थ, उल्लिखित ऐनको प्रकृति उद्देश्य घुम्न आएका विदेशी भारतीय नागरिकलाई आकर्षित हुने अवस्था नहरेकोले निवेदकहरुको हकमा बन्दीप्रत्यक्षीकरणको रिट जारी गरी गैरकानूनी थुना मुक्त गरिपाउँ।

घ. **कसूर नै स्थापित नभएको र ऐनमा नै उल्लेख नभएको उद्योगमा गैरकानूनी अनुसन्धान गरेकोः-** अपराधिक घटना नै नभएको नगरेको अस्तित्व बिहीन विषयवस्तु र आकर्षित नहुने ऐन र सो ऐनमा नभएको उद्योग लगाई निवेदकहरुलाई गैरकानूनी रुपमा पक्राउ गरी काठमाडौं जिल्ला अदालतबाट म्याद थप गर्नु पर्नेमा अनाधिकार निकाय जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट म्याद थप गरी गैरकानूनी रुपमा अनुसन्धान भईरहेको छ। उक्त जारी अनुसन्धान कुन कानून अन्तर्गत हो, त्यो कानून कसलाई लागु हुने हो। कानूनको अख्तियार अनुरुप उचित म्याद थपको क्षेत्रअधिकार प्रयोग गरी थुनामा राखिएको हो होइन ? अनुसन्धान अधिकृत को हुनुपर्नेमा को कसरी तोकियो ? यी विषयलाई सम्मानीत अदालतले विश्लेषण गरी तत्काल थुनुवा र मिसिल झिकाई गैरकानूनी रुपमा विपक्षीहरुले हिरासतमा बन्दी बनाई राखेका निवेदकहरुलाई तत्काल थुनामुक्त गरी पाउँ।

यसरी गैरकानूनी तरिकाबाट थुनामा राखेको कार्य नेपालको संविधानको धारा १६, १७, १८, २० प्रदत्त न्याय सम्बन्धी हक तथा ने.का.प., निर्णय नं.१०३०९, नि.नं.१००२०, नि.नं.९२४७, नि.नं.७६७२ मा प्रतिपादित नजिर सिद्धान्तसमेत प्रतिकूल हुन गएकोहुँदा विपक्षीहरुको उक्त कार्यले थुनामा रहेका निवेदकहरुको वैयक्तिक स्वतन्त्रताको ठाडो हनन् हुन गएको छ।

नेपालको संविधानको धारा ४६ र १३३ को उपधारा (१) र (२) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३३(१) बमोजिम निजहरु स्वयंले निवेदन गर्नसक्ने अवस्था नभएकोले म कानून व्यवसायी भई सो सम्बन्धमा जानकारी राख्ने सरोकारवाला व्यक्ति भएकोले बन्दीहरुको हकमा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन सम्मानीत अदालतमा पेश गर्दछु। अवैध गैरकानूनी रुपमा हिरासतमा बन्दी बनाइएका निवेदकहरुलाई गैरकानूनी थुनाबाट तत्काल थुनामुक्त गरिपाउँ भन्नेसमेत बेहोराको निवेदन।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो

? आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक २४ घण्टाभित्र बन्दीसहित महान्यायाधिवक्ताको कार्यालय मार्फत् लिखित जवाफ पेश गर्नू भनी प्रस्तुत आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नू भन्ने बेहोराको यस अदालतको मिति २०७९।१०।१६ को आदेश।

३. मिति २०७९।१०।१८ गते अं. १८:०० बजेको समयमा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १३ सोल्टिमोडमा रहेको सोल्टी होटल भित्र केही भारतीय नागरिकहरुले नेपाली सर्वसाधारण मानिसहरुलाई भेला जम्मा गराई विभिन्न किसिमका प्रलोभन देखाई दुवई देशमा घर, जग्गा, सम्पत्ति खरिद बिक्री गर्ने सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएका छन् भन्ने बेहोराको जानकारीका आधारमा तत्काल प्रहरी टोली ऐ. सोल्टी होटलको सुरसुधा हलभित्र प्रवेश गर्दा उक्त स्थानमा नेपाली सर्वसाधारण मानिसहरूलाई भेला जम्मा गराई विभिन्न किसिमका प्रलोभन देखाई दुवई देशमा घर, जग्गा, सम्पत्ति खरिद बिक्री गर्ने सम्बन्धी कार्यक्रम सञ्चालन गरी रहेको अवस्थामा सोधपुछ पश्चात एकिन नाम, थर, वतन खुल्न आएका भारत देश स्थायी घर हुने AFTAB HAMZA JASNAIK, KAJAL RAVI AGRAWAL, GURCHARAN SINGH MEHTA, ANUBHAV VERMA र HARSH SHARMA फेला पारी रीतपूर्वक निजहरुको शरीर समेतको खानतलासी गर्दा बरामदी मुचुल्कामा उल्लिखित दसीका सामानहरु फेला पारी बरामद गरी बरामद दसी सहित निजहरुलाई पक्राउ गरेको हो।

निजहरुले नेपाल सरकारको कुनै पनि निकायबाट पूर्व इजाजत वा स्वीकृति नलिई नेपाल सरकारद्वारा प्रतिबन्धित विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ विपरीतको कसूर उद्योग गरेको हुँदा निजहरु उपर कानून बमोजिम होस भन्ने समेत बेहोराको प्र.व.ना.नि. सुरेन्द्र बहादुर स्वाँर समेतको प्रतिवेदन दाखिला हुन आएको हुँदा निज ANUBHAV VERMA समेत ५(पाँच) जना उपर नेपाल सरकारद्वारा प्रतिबन्धित विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ विपरीतको कसूर उद्योग मुद्दामा अनुसन्धान गर्नुपर्ने मनासिब कारण देखिएकाले निजहरुको स्वास्थ्य परीक्षण गराई थुनुवा पुर्जी दिई यस कार्यालयको हिरासत कक्षमा राखेको।

तालुक जिल्ला प्रशासन कार्यालय बबरमहल, काठमाडौंबाट मुलुकी फौजदारी कार्यविधि

संहिता, २०७४ को दफा ८(७) बमोजिम अनुसन्धान अधिकारी तोकी पाउने आदेश प्राप्त गरी निज रिट निवेदक ANUBHAV VERMA समेत पाँच जनालाई ऐ. ९ गते जिल्ला सरकारी वकील कार्यालय मार्फत जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा उपस्थित गराई जरुरी पक्राउ पुर्जी स्वीकृत गराई पक्राउ मिति २०७९।१०।८ गतेबाटै लागु हुने गरी पहिलो पटक दिन १०(दश) को म्यादथप अनुमति प्राप्त गरी यस कार्यालयको हिरासत कक्षमा राखी मिति २०७९।१०।११ गतेका दिन घटना विवरण कागज गर्ने, ऐ. १५ गतेका दिन बयान गराउने सम्मको कार्य सम्पन्न भई अनुसन्धान प्रतिवेदन तयार गर्ने लगायतका अनुसन्धान कार्य भई रहेको छ। यस कसूरमा अनुसन्धान अधिकृत तोकाइमा त्रुटी गरी, गैर कानूनी रुपमा अधिकार नै नभएको निकायबाट म्यादथप गरी हिरासतमा राख्ने जस्ता कार्य यस कार्यालयबाट नभएको हुँदा नितान्त कपोल कल्पित एवं झुठ्ठा बेहोरा उल्लेख गरी यस कार्यालयसमेतलाई विपक्षी बनाई दिएको निवेदन बेहोरा आधारहिन छ। यसमा भए गरेका कागजात यसैसाथ संलग्न छन्। यस वृत्तको हकमा खारेज गरी पाँउ भन्नेसमेत बेहोराको प्रहरी वृत्त कालिमाटीको तर्फबाट प्रहरी नायव उपरिक्षक श्री अनिल कुमार सिलवालले पेश गर्नु भएको लिखित जवाफ।

४. विपक्षीहरुले नेपाली नागरिकहरुलाई विदेश दुवईमा घर जग्गामा लगानी गराउनका लागी काठमाडौंस्थित होटल सोल्टीमा सो सम्बन्धमा कार्यक्रम गरेको अवस्थामा सो वारदातस्थलबाट पक्राउ गरी विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ अन्तर्गतको कसूरको उद्योग मुद्दामा हाल अनुसन्धान भईरहेको अवस्था छ। सो ऐनले नेपाली नागरिकलाई विदेशमा लगानी गर्न प्रतिबन्ध लगाएको र उक्त ऐनको दफा ५ ले यस अन्तर्गतको कसूर नेपाल सरकार वादी भई चलाईने भन्ने कानूनी व्यवस्था भएको र उक्त ऐन अन्तर्गतको कसूरको अनुसन्धान गर्ने अधिकारी नतोकिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८(७) बमोजिम सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट अनुसन्धान अधिकारी तोकिई हाल उक्त कसूरमा विपक्षीहरु उपर अनुसन्धान भई रहेको र अनुसन्धानको क्रममा मुद्दा हेर्ने अधिकारीको अनुमतिले हिरासतमा राखी मुद्धाको अनुसन्धान भईरहेको हुँदा कानून बमोजिम अधिकार प्राप्त निकायहरुबाट कानूनबमोजिम भएका कार्यहरु विरुद्ध बिना कानूनी आधार दायर गरिएको निवेदन खारेज भागी छ। असाधारण अधिकारक्षेत्र अवलम्बन गर्न विशेष अवस्था र परिस्थिति उत्पन्न भएको हुनुपर्दछ। प्रस्तुत मुद्दामा विपक्षीहरुलाई साधारण क्षेत्राधिकार अन्तर्गत साधिकार निकायले

मुद्दा अनुसन्धानको क्रममा हिरासतमा राखेको र अनुसन्धानबाट प्राप्त तथ्य प्रमाणहरुको आधारमा मात्र के कुन मुद्दामा अभियोग दायर हुने वा नहुने भनि निर्णय हुन बाँकी नै रही हाल सामान्य कानूनी व्यवस्था अन्तर्गत विपक्षी निवेदकहरुलाई हिरासतमा राखी मुद्दाको अनुसन्धान भईरहेको हुँदा निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंको तर्फबाट सहन्यायाधिवक्ता श्री गंगा प्रसाद पौडेलले पेश भएको लिखित जवाफ।

५. रिट निवेदकहरु AFTAB HAMZA JASNAIK, KAJAL RAVI AGRAWAL, GURCHARAN SINGH MEHTA, ANUBHAV VERMA र HARSH SHARMA लाई महानगरिय प्रहरी वृत्त कालिमाटी, काठमाडौंले विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ को कसूर अन्तर्गतको कसूर अपराधमा पक्राउ गर्न अनुमति माग गरिएकोमा यस कार्यालयबाट मिति २०७९।१०।८ गते निजलाई जरुरी पक्राउ पुर्जी जारी गरेकोमा सोही मितिदेखि लागु हुने गरी पहिलो पटक १० दिनको म्याद दिइ अनुसन्धानको कार्य गर्न दिइएको निजहरुको हकमा कानुनी कारबाही भइरहेको हुँदा निजहरु गैरकानूनी रुपमा थुनामा रहेको नदेखिंदा निवेदकहरुको मागबमोजिम बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज भागी छ भन्नेसमेत बेहोराको जिल्ला प्रशासन कार्यालय, काठमाडौं र ऐ तर्फबाट प्रमुख जिल्ला अधिकारीको तर्फबाट श्री घनश्याम उपाध्यायले पेश भएको संयुक्त लिखित जवाफ।

## यस अदालतको आदेश

६. नियमबमोजिम निर्णयार्थ इजलाससमक्ष पेश भएको प्रस्तुत निवेदनमा निवेदक अधिवक्ता श्री सकुल भण्डारी एवं निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री सतिस कृष्ण खरेल, श्री शंकर सुवेदी तथा विद्वान अधिवक्ता श्री नविन भण्डारीले विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ को उद्देश्य घुम्न आएका विदेशी भारतीय नागरिकलाई आकर्षित नहुने, जिल्ला प्रशासन कार्यालयलाई उक्त मुद्दा हेर्ने अधिकार नरहेको, उक्त ऐनले कसूर उद्योगको परिकल्पना नगरेको, अनुसन्धान अधिकृत तोकेको कानून विपरित रहेकोले निवेदकहरुलाई गैरकानूनी थुनाबाट तत्काल थुनामुक्त गरिपाउँ भनी र प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय समेतका सरकारी पक्षहरुका तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८(७) बमोजिम सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट अनुसन्धान अधिकारी तोकिई

अनुसन्धानको क्रममा हिरासतमा राखी विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ को अन्तर्गतको कसूरको उद्योग गरेको सम्बन्धी मुद्दामा थप अनुसन्धान भईरहेकोले निवेदन माग बमोजिम आदेश जारी गर्नुपर्ने अवस्था नभएकोले रिट निवेदन खारेज गरिपाँउ भनी गर्नुभएको बहससमेत सुनियो।

७. उल्लिखित बहस सुनि मिसिल अध्ययन गरी हेर्दा, निवेदकहरु सबै भारतीय नागरिक भएको उनीहरु सबै नेपालमा पहिलोपटकसँगै काम गर्ने साथीभाई मिली छुट्टी मनाउन घुम्न आई काठमाडौंस्थित सोल्टी होटलमा बसी पेशागत सामान्य छलफल गर्ने क्रममा मिति २०७९।१०।८ गते पक्राउ परी महानगरीय प्रहरी वृत्त, कालिमाटीमा थुनामा राखि जिल्ला प्रशासन कार्यालयबाट १० दिनको म्याद थप भएको र निज भारतीय नागरिकहरुलाई नेपाल सरकारबाट विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ विपरीतको कसूर उद्योग अन्तर्गत थुनामा राख्ने गरी थुनुवापुर्जी दिएको भन्ने तथ्यगत अवस्था मिसिल एवं बहसबाट देखिएको छ। उक्त कसूरमा अनुसन्धान अधिकारी तोकेको कार्यविधिमा त्रूटी भएको, जिल्ला प्रशासन कार्यालयबाट अनुसन्धानको लागि गरिएको म्याद थप गैरकानूनी, लाग्नै नसक्ने कानूनको आधार र व्यक्तिहरुको हकमा मुद्दा ग्रहण गरी हिरासतमा बन्दी बनाइएको र कसूर नै स्थापित हुन नसक्ने र ऐनमा नै उल्लेख नभएको कसूरको उद्योगमा गैरकानूनी अनुसन्धान गरेको हुँदा उक्त जारी अनुसन्धान कुन कानून अन्तर्गत हो, त्यो कानून कसलाई लागु हुने हो ? कानूनको अख्तियार अनुरुप उचित म्यादथपको क्षेत्रअधिकार प्रयोग गरी थुनामा राखिएको हो होइन ? अनुसन्धान अधिकृत को हुनुपर्नेमा को कसरी तोकियो ? यी विषयलाई सम्मानीत अदालतले विश्लेषण गरी तत्काल थुनुवा र मिसिल झिकाई गैरकानूनी रुपमा विपक्षीहरुले हिरासतमा बन्दी बनाई राखेका निवेदकहरुलाई तत्काल थुनामुक्त गरिपाउँ भन्ने मुख्य निवेदन जिकिर रहेको देखियो।

८. प्रत्यर्थीहरुको लिखित जवाफ हेर्दा, निवेदकहरुले नेपाली नागरिकहरुलाई दुवईमा घर जग्गामा लगानी गराउनका लागि काठमाडौंस्थित होटल सोल्टीमा सो सम्बन्धमा कार्यक्रम गरेको अवस्थामा वारदातस्थलबाट पक्राउ गरी विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ अन्तर्गतको कसूरको उद्योग मुद्दामा हाल अनुसन्धान भईरहेको तथा उक्त ऐनको दफा ५ मा यस अन्तर्गतको कसूर नेपाल सरकार वादी भई मुद्दा चलाईने व्यवस्था भएकोमा सो अन्तर्गतको कसूरको अनुसन्धान गर्ने अधिकारी नतोकिएकोहुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८(७) बमोजिम सम्बन्धित प्रमुख जिल्ला

अधिकारीबाट अनुसन्धान अधिकारी तोकिई हाल अनुसन्धान भई रहेको र अनुसन्धानको क्रममा मुद्दा हेर्ने अधिकारीको अनुमतिले हिरासतमा राखी मुद्धाको अनुसन्धानमा रहेको हुँदा कानून बमोजिम अधिकार प्राप्त निकायहरुबाट क़ानून बमोजिम कार्यहरु भएको अवस्था रहेकोले रिट खारेज भागी रहेको भन्ने प्रत्यर्थीहरुको मुख्य जिकिर रहेको देखियो।

९. उल्लिखित निवेदन तथा लिखित जवाफ जिकिर भएको प्रस्तुत निवेदनमा निवेदक तथा विपक्षी दुबै तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरुको तर्कपूर्ण बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा, यसमा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने हो वा होइन ? भन्ने विषयमा निर्णय गर्नुपर्ने देखिन आयो।

१०. निवेदन मागसँग सम्बन्धित संवैधानिक तथा कानूनी व्यवस्था अध्ययन गरी हेर्दा, नेपालको संविधानको प्रस्तावनामा **नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा** लगायत लोकतान्त्रिक मूल्य र मान्यता प्रति पूर्ण प्रतिवद्ध रहने उल्लेख भएबाट संविधानको लक्ष्य र उद्देश्य सबैको लागि स्वच्छ सुनुवाई तथा पूर्ण न्याय पनि हो भन्ने स्पष्ट हुन्छ। संविधानमा फौजदारी अपराधको अभियोग लागेको अभियुक्तलाई पनि केही महत्त्वपूर्ण हकहरू मौलिक हकको रुपमा प्रदान गरिएको छ। फौजदारी न्याय सम्बन्धी यी मौलिक हक मानव अधिकारको रुपमा स्थापित छन्। यस्ता मानव अधिकारको प्रत्याभूती प्रचलित ऐन तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा घोषणापत्रबाट पनि निर्देशित हुने गर्दछ।

११. नेपालको संविधानको धारा १६ को उपधारा (१) ले **"प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ"** भन्ने र धारा १७ को उपधारा (१) ले **"कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन"** भन्ने तथा ऐ. धारा २० उपधारा (९) ले **"प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ"** भन्ने व्यवस्था गरेको देखिन्छ। न्याय सम्बन्धी हक कुनै कसूरमा आरोपित व्यक्तिको व्यक्तिगत स्वतन्त्रतासँग सम्बन्धित हुन्छ। यो हक तथा संवैधानिक संरक्षण केवल नेपालका नागरिकलाई मात्र नभएर देश भित्र रहेको प्रत्येक व्यक्तिलाई प्राप्त छ। गैर कानूनी तथा स्वेच्छाचारी ढंगले वैयक्तिक स्वतन्त्रताको अपरहणलाई रोक्न राज्यको विरुद्ध प्राप्त हुने यो हक स्वच्छ सुनुवाईसँग सम्बन्धित मान्यताहरुमा आधारित हुँदा समान्य नभई विशिष्ठ प्रकृतिको व्यवस्था रहेकोले यसको गम्भीरता पूर्वक पालना हुनु आवश्यक छ।

१२. ऐ. संविधानको धारा २० को उपधारा (९) मा रहेको स्वच्छ सुनुवाईसँग सम्बन्धित व्यवस्थाको आफ्नै मान्यताहरू रहेका छ भने विश्वव्यापी रुपमा मान्यता पाएको तथा सन्धी ऐन, २०४७ को दफा ९ अनुसार नेपालमा कानून सरह लागू रहेको **International Covenant on Civil and Political Rights, 1966 (ICCPR)** मा समेत समावेश भएको स्वच्छ सुनुवाईको हक कानूनी राज्यमा राज्य वा सरकारले खोस्ने वा कुनै अभियुक्तले यो हकबाट आफूलाई स्वेच्छाले पनि अक्षुण्ण राख्न पाउने अवधारणा रहेको पाइदैंन। उक्त **ICCPR** को धारा १४(१) मा " **All persons shall be equal before the courts and tribunals. In the determination of any criminal charge against him, or of his rights and obligations in a suit at law, everyone shall be entitled to a fair and public hearing by a competent, independent and impartial tribunal established by law.**" भन्ने व्यवस्था र धारा १४(३) मा रहेको अनुचित विलम्ब विना सुनुवाई गरी पाउने अधिकारले समेत मुद्दाको सुनुवाईमा स्वच्छ सुनुवाई र उचीत कार्यविधि (Due Process) को मान्यतालाई आत्मसात गरेको पाइन्छ। स्वच्छ सुनुवाई सम्बन्धी यहाँ विवेचित मान्य सिद्धान्तहरु न्याय सम्पादनको क्रममा सरोकारवालाको न्यायिक जानकारीमा हुनु पर्ने हुँदा सबैले पालना गर्नुपर्ने कुरामा विमति जनाउन सकिने अवस्था देखिदैन भने यसै गरी नेपालको संविधानको धारा २० को उपधारा (९) द्वारा प्रत्याभूत गरिएको स्वच्छ सुनुवाईको मान्यता र त्यसको पालना बाध्यात्मक रुपमा गर्नुपर्ने सम्बन्धमा पनि कुनै विवाद हुन सक्दैन।

१३. नेपालको संविधानको धारा १३३ मा यस सर्वोच्च अदालतको अधिकार क्षेत्र सम्बन्धी व्यवस्था अन्तर्गत उपदफा (२) मा **"यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ"** भन्ने व्यवस्था र ऐ.ऐ. को उपधारा (३) मा **"उपधारा (२) बमोजिमको असाधारण अधिकार क्षेत्र अन्तर्गत बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ"** भन्ने व्यवस्था उल्लेख भएको छ। यसरी संविधानतः नेपालको नागरिकको लागि भनि विशेष व्यवस्था गरिएकोमा

त्यता नेपालको नागरिक तथा अन्यमा जोसुकै व्यक्तिको पनि संवैधानिक तथा कानूनी हक हनन् भएमा त्यस्तो हकको प्रचलनका लागि निवेदन सुन्ने तथा संवैधानिक एवं कानूनी प्रश्नको निरुपण गर्ने र सोका लागि असाधारण अधिकार क्षेत्र अन्तर्गत बन्दीप्रत्यक्षीकरण लगायतका उपयुक्त आदेशहरु जारी गर्ने अधिकार यस अदालतमा रहेको छ। उल्लिखित व्यवस्थाबाट निवेदकको संवैधानिक वा कानूनी हक हनन् भएको र उक्त हकको प्रचलनका लागि अन्य व्यवस्था नभएको वा भए पनि प्रभावहिन भै न्यायमा सरल पहुँच हुन नसकि उपचार प्राप्त हुन नसक्ने वा नसकेको अवस्थामा निवेदकले यस अदालतमा निवेदन लिई आउन सक्ने अवस्था रहेको देखियो।

१४. निवेदकहरु उपर कारबाही उठान गर्न प्रयोग गरिएको कानून तर्फ विचार गर्दा, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ नेपालको सम्पत्ति विदेश पलायन हुनबाट रोक्ने उद्देश्यले जारी भएको कानून भएपनि करीब ६ दशकसम्म पनि यसको कुनै प्रवधानको व्याख्या भएको पाईदैन। तथापी ऐ. ऐन को दफा १ को उपदफा (२) मा **"यो ऐन नेपालभित्र वा बाहिर जँहासुकै रहे बसेको** भए तापनि **सबै नेपाली नागरिक र नेपालभित्र स्थापित भएको संगठित संस्थालाई लागू हुनेछ"** भन्ने व्यवस्था रहेकोबाट यो ऐनको क्षेत्राधिकार नेपाल र नेपालको नागरिकमा सिमित भई बसेको देखिन्छ। यस व्यवस्थाले प्रस्तुत ऐन कुनै नेपाली नागरिक वा नेपालभित्र स्थापित भएको संगठित संस्थाका हकमा बाहेक अरु देशका नागरिकको हकमा लागू हुने आशय रहेको देखिंदैन।

१५. लामो प्रयत्न र प्रयास पछि नेपालमा विस्तृत फौजदारी न्यायका मान्य सिद्धान्तहरु र सर्वोच्च अदालतबाट विभिन्न समयमा गरिएका व्याख्याहरु समेत समावेश भई समयानुकुल हुने गरी लागू भएको मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-२ अन्तर्गत **फौजदारी न्यायका सामान्य सिद्धान्तहरु शीर्षक** अन्तर्गत दफा ६ मा **"कानून बमोजिमको काम कसूर नहुने"** भन्ने शीर्षक अन्तर्गत **"कानून बमोजिम गर्नु पर्ने वा कानूनले क्षम्य मानेको कामलाई कसूर मानिने छैन"** भनी र दफा ७ मा "कानून बमोजिम बाहेक सजाय नहुने" शीर्षक अन्तर्गत **"कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिए भन्दा बढी सजाय हुने छैन"** भन्ने व्यवस्था रहेको छ। यसै गरी दफा १० को **स्वच्छ सुनुवाईबाट वञ्चित नहुने** शीर्षक अन्तर्गत **"कुनै व्यक्ति सक्षम अदालत वा न्यायिक निकायबाट हुने कारबाहीमा स्वच्छ सुनुवाईबाट वञ्चित हुने छैन"** भन्ने व्यवस्था रहेको छ। यी सबै कानूनी

व्यवस्थाहरुको रोहमा प्रत्यर्थीबाट गरिएको काम कारबाहीहरुको न्यायीक परीक्षण गर्नु पर्ने देखिन आयो ।

१६. अब, निवेदन मागबमोजिम बन्दीप्रत्यक्षकीकरणको आदेश जारी हुनु पर्ने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा नेपालको संविधानको धारा १७ को उपधारा (१) मा रहेको *"कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन"* भन्ने संवैधानिक व्यवस्था विचारणीय हुन आउँछ। "कानून बमोजिम बाहेक" भन्ने वाक्यांशले कानून सम्मत तरिकालाई जनाउँदछ। यसै प्रकृतिको विवाद भएको बिजयराज तुलाधर विरुद्ध काठमाडौं जिल्ला अदालत समेत भएको मुद्दामा यस अदालतको पूर्ण इजलासबाट "अख्तियारवाला बाहेक अरूबाट भएको काम कारबाही तथा आदेशले अनधिकृत तवरबाट थुनामा राखिएको भएमा वा स्वच्छ सुनुवाइबेगर वा अभियोग नलगाई थुनामा राखिएको देखिएमा अर्थात् स्पष्टतः अधिकारक्षेत्रात्मक त्रूटी देखिएको अवस्था भएमा अथवा यस्तै प्रकारबाट कानूनप्रतिकूल थुनामा राखेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था रहने"[१] भनी र अधिवक्ता नरोत्तम पाण्डे वि. नेपाल सरकारसमेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा "संविधान र प्रचलित कानूनबमोजिम राज्य सञ्चालनको व्यवस्थाले मात्र कानूनी राज्यको स्थापना र प्रवर्द्धनमा सहयोग पुग्ने हुन्छ। सार्वजनिक अधिकारप्राप्त निकाय वा पदाधिकारीले आफ्नो अधिकारको प्रयोग गर्दा वा नगर्दा कानूनको परिधिभित्र रहेर कानूनबमोजिम गरेमा मात्र कानूनको शासन स्थापित गर्न मद्दत पुग्ने हुन्छ ।कानूनले तोकेको विधि र प्रक्रिया पूरा नगरी बिना आधार र कारण व्यक्तिको वैयक्तिक स्वतन्त्रता हनन् गर्ने अधिकार संविधान र कानूनले कसैलाई पनि प्रदान गरेको छैन । व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण गर्दा संवेदनशील हुनु पर्ने"[२] भनी व्यक्तिको वैयक्तिक स्वतन्त्रताको विषयमा व्याख्या भएको पाईन्छ।

१७. निवेदक बन्दीहरु AFTAB HAMZA JASNAIK, KAJAL RAVI AGRAWAL, GURCHARAN SINGH MEHTA, ANUBHAV VERMA र HARSH SHARMA लाई मिति २०७९।१०।८ मा विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ सम्बन्धी कसूर उद्योग मुद्दाको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नुपर्ने भएकोले भनी

[१] ने.का.प. २०७५ अंक १० नि.नं. १०१०८

[२] ने.का.प. २०७५,अंक ५, निर्णय नं. १००२०

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(६) बमोजिम पक्राउ पूर्जी र दफा १३(२) बमोजिम थुनुवा पूर्जी दिएको देखियो। मिति २०७९।१०।९ मा म्याद थप गर्दा जिल्ला सरकारी वकीलको कार्यालय, बबरमहलले जिल्ला प्रशासन कार्यालयबाट निजहरुलाई ऐ. संहिताको दफा १४(६) बमोजिम हिरासतमा राख्न मनासिव आधार र कारण देखिएको भनी पहिलो पटक १०(दस) दिनको म्याद थप अनुमति लिएकोसमेत देखियो।

१८. विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ को दफा १ को उपदफा (२) मा **"यो ऐन नेपाल भित्र वा बाहिर जहाँसुकै रहे बसेको भए तापनि सबै नेपाली नागरिक र नेपालभित्र स्थापित भएको संगठित संस्थाहरुलाई लागू हुनेछ"** भन्ने उल्लेख भएबाट यी निवेदक बन्दीहरुलाई उक्त ऐनको उपर्युक्त दफा आकर्षित हुन्छ हुँदैन भन्ने विषयमा अनुसन्धानकर्ता स्पष्ट हुनु अपेक्षित हुन्छ। प्रस्तुत मिसिलबाट कुनै नेपाली नागरिक वा नेपाली संस्थाले विदेशमा लगानी गरेको वा गर्न उद्योग गरेको भन्ने तथ्यगत अवस्था देखिन आउँदैन। यस इजलाससमक्ष पेश भएका लिखित जवाफहरुबाट समेत यी निवेदकहरु भारतीय नागरिक भएको स्वीकार गरेको अवस्था छ भने उक्त लिखितजवाफ तथा प्रत्यर्थीतर्फबाट उपस्थित उपन्यायाधिवक्ताले समेत सो ऐन यी निवेदक बन्दीहरुको हकमा आकर्षित हुन्छ र म्याद थप लिदा अधिकारक्षेत्रात्मक त्रूटी छैन भनी प्रष्ट जिकिर लिन सकेको देखिएन।

१९. मुख्य अभियोजन गर्ने निकायको रुपमा रहेको महान्यायाधिवक्ताको कार्यालयले समेत कानून तथा न्यायका मान्य सिद्धान्तको अवलम्बन, स्वच्छ सुनुवाई, मानव अधिकारको संरक्षणसमेतका मान्यताहरुलाई आफ्नो मूल्यहरु(VALUES)का[३] रुपमा स्वीकार गरेको पाइन्छ। ऐ.कार्यालयबाट प्रकाशन भएको **स्वच्छ सुनुवाईसम्बन्धी स्रोत पुस्तिकामा** उल्लेख भएको विवरणमा *"सामान्य व्यक्तिको रूपमा रहेको अभियुक्त र राज्यको बीचमा सन्तुलनमा राज्यको स्रोत तथा साधन अधिक हुन्छ... अर्को कुरा राज्यको तर्फबाट गरिने कारबाही निष्पक्ष र स्वच्छ तरिकाले स्वतन्त्र निकायबाट हुनुपर्दछ भन्ने नै हो"*[४] भनी र *"पक्राउ गर्ने र थुनामा राख्ने विरुद्धको हक मानव अधिकारको आधारभूत र मौलिक अधिकार नै हो।*

---

[३] महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना(२०७८।०७९-२०८२।०८३),४.३ मुल्यहरु, पृष्ट-६२

[४] महान्यायाधिवक्ताको कार्यालय, स्वच्छ सुनुवाईसम्बन्धी स्रोत पुत्तिका-२०७४, पृष्ट-८

*जथाभावी पक्राउ गर्ने र थुनामा राख्ने अवस्था भएमा व्यक्तिगत स्वतन्त्रता लगायत सम्पूर्ण मानव अधिकारको अन्त्य हुने भएकोले मनोमानी गिरफ्तारी र थुना विरूद्धको हकलाई महत्वपूर्ण मौलिक हकको रूपमा लिइन्छ"*[५] भनी स्वच्छ सुनुवाई एवं मानव अधिकारको औचित्यका सम्बन्धमा गहिरो विवेचना भएको देखिंदा नेपाल सरकारले यस्ता विषयमा अवलम्बन गरेको धारणा तथा प्रतिबद्धता समेतका विषयमा थप केही बोलिरहनु परेन।

२०. अनुसन्धान गर्नु भनेको पक्राउ गर्नु नै पर्ने भन्ने होइन। अनुसन्धानबाट पक्राउ गर्नु पर्ने देखिएमा कानूनले तोकेको अधिकारीबाट अनुमति लिएर पक्राउ गर्नु पर्ने[६] व्यवस्था गरेकोले पहिला प्रारम्भिक रुपमा अनुसन्धान गरी घटनाका सम्बन्धमा सुन्ने र पछि अपरिहार्य देखिएमा मात्र थुन्ने भन्ने मान्यता स्थापित भईसकेको देखिन्छ। तथापी अपवादको रुपमा भाग्ने, उम्कने वा प्रमाण लोप गर्न सक्ने जस्तो गम्भिर अवस्था भएमा तत्काल पक्राउ गरी तोकिएको अवधि भित्र मुद्दा हेर्ने अधिकारीसमक्ष समर्थन गराउनका लागि पेश गर्न सकिने व्यवस्था कानूनमा रहेको छ।

२१. कसैले उजुरी गर्दैमा, जाहेरी दिदैंमा वा कुनै अधिकार प्राप्त अधिकारीको स्वेच्छामा लाग्दैमा पक्राउ गर्नुपर्ने सम्मको अपरिहार्यता सृजना हुँदैन। अनुसन्धान कर्ताले आफूलाई प्राप्त अधिकार आफ्नो सुविधाको लागि प्रयोग गर्ने होइन, यो संवैधानिक तथा मानव अधिकारको मान्यतालाई अंगिकार गर्दै फौंजदारी न्यायका मान्य सिद्धान्तका परिपालना हुने गरी गर्नु पर्ने हुन्छ। कानून बमोजिमको अधिकार दुरुपयोग हुँदा दण्डहिनताको अवस्था आउछ, तसर्थ घटनाका सम्बन्धमा पर्याप्त रुपमा अध्ययन र कानूनको विवेचना गर्ने तथा आवश्यक भएमा तालुकदार निकायसँग राय लिने समेतका कार्य गरी थुन्नु पर्ने अपरिहार्यताको अवस्था देखिए मात्र कानूनको प्रक्रिया पूरा गरी पक्राउ गरेमा मात्र त्यस्तो पक्राउ परेको व्यक्तिको विषयमा कानूनी प्रश्न उठाउन सकिदैन। यी मान्य विधिलाई नजरअन्दाज गरी प्रारम्भिक रुपमा हेर्दा नै पछि ठहर हुन नसक्नेमा कसैको लहड वा इच्छामा वा कसैको भनसुन वा दबाव प्रभाव वा व्यक्तिगत धारणा वा अजमायसी आधारमा कानून सम्म उल्लेख गरी कुनै व्यक्तिलाई थुन्ने कार्यलाई कानून संगत भन्न सकिदैन। व्यक्तिलाई थुन्ने कार्य गैरकानूनी

---

[५] ऐजन, २.२.१ मनोमानी गिरफ्तारी विरूद्धको हक , पृष्ठ-९

[६] ने.का.प. २०७६, अंक ६, नि.नं. १०२८१ मा "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा अनुसन्धान अधिकारीले कुनै फौजदारी अभियोगमा हिरासतमा राख्ने अनुमति माग गर्ने र अदालतले म्याद थप गर्ने कुरा केवल रीत पुऱ्याउने विषय नभएर थुनामा नै राखी अनुसन्धान गर्नुपर्नेसम्मको औचित्य पुष्टि हुनु पर्ने, अनुसन्धान सन्तोषजनक रूपमा भएको देखिनु पर्ने अनिवार्यता छ भन्ने देखिन आउने।" भनी व्याख्या भएको छ।

ठहर भएमा थुन्ने कारबाही उठान गर्ने तथा अनुमति दिने अधिकारीले कुनै प्रकारको पनि जिम्मेवारी लिनु नपर्ने गरी संस्थागत रुपमा बचाउ गर्ने प्रवृति पनि सुशासनको सिद्धान्तसँग मेल खाँदैन। यसबाट संविधानले परिकल्पना गरेको कानूनको शासनको पनि अपहेलना गरेको मान्नु पर्ने हुन्छ। यसरी कसैको उजूरी उक्साहट वा पूर्वाग्रहमा पक्राउ गर्नु नै अनुसन्धानको उद्देश्य होइन भन्ने तर्फ अनुसन्धानकर्ता सदैव सचेत र सतर्क रहनु पर्ने हुन्छ।

२२. मुलरुपमा, कानूनले के भन्छ? कानूनले कसलाई के अधिकार दिएको हो? त्यस्तो अधिकार प्रयोग गर्दा के कार्यविधि अपनाउनु पर्ने हो? आफूले कारबाही उठान गरेको कसैलाई थुनामा राख्दा निज उपर जुन कसूरमा पक्राउ गरेको हो सो कसूर प्रमाणित हुने बारे आफू विश्वस्त छ, छैन ? प्रमाण लोप गर्न सक्ने अवस्था छ, छैन ? कानूनमा द्विविधा भए निकास/निर्देशन लिनु पर्ने सम्मको अवस्था छ, छैन ? आफूले गरेको कार्यले मुलुकी अपराध संहिता, २०७४ को दफा ९९ अनुसार अनुसन्धानमा बदनियत देखिने अवस्था सृजना हुने अवस्था छ, छैन ? भन्ने कुरामा समेत सम्बन्धित अधिकृत स्पष्ट हुनु र सो विषयमा यथेष्ठ ध्यान दिनु आवश्यक छ। सम्बन्धित निकायहरुले समेत ऐ. दफा बारे समुचित कार्यान्वयन गर्न आफ्नो कार्यालय अन्तर्गत भएका यस प्रकृतिका काम कारबाहीको अनुगमन र अभिलेख राख्नु कानूनको शासनको रोहमा अपेक्षित हुन्छ।

२३. यसै गरी अभियोजन गर्ने निकायले[७] समेत म्याद थप गर्ने क्रममा नै प्रस्ताव भै आएको कसूर पछि अदालतमा स्थापित गर्न सकिने अवस्था छ, छैन? उपयुक्त कानून प्रस्ताव भएको हो, होईन? थुन्नु नै पर्नेसम्मको अवस्था संलग्न प्रमाणबाट पुष्ट हुन्छ, हुदैंन? लगायतका विषयमा अति सम्बेदनशिल भै संविधानले तोकेको व्यक्तिको स्वतन्त्रतामा आघात नपुग्ने गरी उच्चतम् विवेक साथ अधिकार प्रयोग गर्नु पर्दछ। आफूले सम्पादन गरेको कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा ९९ अनुसार बदनियत पूर्वकको कार्य नदेखिने गरी कुशलता एवं व्यवसायिकता प्रदर्शन गर्न सकेमा पनि नागरिक अधिकारको संरक्षण हुने पर्याप्त वातावरण निर्माण हुन सक्दछ। कुनै गल्ति भएको छ वा

---

[७] अधिवक्ता अमृतप्रसाद श्रेष्ठ समेत विरुद्ध गृह मन्त्रालय समेत भएको ०६९-ws-००७६ मुद्दामा संवैधानिक इजलासवाट मिति २०७२।१०।७ मा भएको आदेश,पृष्ठ १६ "संविधानले प्रदान गरेको अभियोजन सम्बन्धी अधिकार महान्यायाधिवक्ताको विशिष्ट र स्वायत्त प्रकृतिको अधिकार हो । अभियोजन सम्वन्धी अधिकार संविधानले नै प्रदान गर्नुको पछाडि एउटा व्यवसायिक तथा न्यायिक संस्थाले कसैउपर दुर्भावनापूर्वक वा मोलाहिजा वा स्वार्थवस अभियोजन नगरी न्यायिक आवश्यकता अनुरुप सहि र निष्पक्ष रुपमा अभियोजन होस् भन्ने उद्देश्य रहेको हुन्छ। "भनी व्याख्या भएको छ।

देखिन आएको छ र आफूले त्यस्तो गल्ति सच्याउन सकिने अवस्था छ भने त्यस्तो गल्ति सच्चाउनु नै कर्तव्य परायणता हो। आफ्नो अहंम वा प्रतिष्ठाको विषय बनाई गलत रुपमा उठान भएको विषयलाई निरन्तरता दिनु पदीय आचरण अनुरुपको कार्य हुदैन। यस्तो कार्य त्यस्तो पदाधिकारीको कार्यसम्पादन मुल्याङ्कनको आधार बन्न जान्छ भन्ने सम्बन्धमा सम्बन्धित पदाधिकारी सचेत हुनु पर्छ।

२४. अर्को तर्फ मुद्दा हेर्ने निकायले समेत आफू समक्ष प्रस्तुत भएको मुद्दा आफूले हेर्न मिल्ने क्षेत्राधिकारको हो, होईन? कानूनमा द्वविधा भएमा कानूनी राय समेत लिई आफू विश्वस्त हुनु पर्नेसम्मको अवस्था छ, छैन? लगायतका विभिन्न फौजदारी न्यायका मान्य सिद्धान्त र प्रचलित कानूनी व्यवस्थालाई आत्मसाथ गरी आफू पूर्ण रुपमा विश्वस्त भएपछि मात्र मुद्दा हेर्नु उपयुक्त हुने हुन्छ।

२५. त्यसरी **"कुनै घटित अपराधका सम्बन्धमा चुस्त अनुसन्धान गरी प्रमाण संकलन गर्ने कानूनी दायित्व सम्बन्धित अनुसन्धान अधिकारीको हुन्छ। त्यस्तै प्राप्त अनुसन्धान प्रतिवेदन समेतका आधारमा न्यायोचित अभियोजन गर्ने दायित्व अभियोजन गर्ने निकाय वा अधिकारीमा निहित रहेको हुन्छ । कुनै मुद्दामा गलत अनुसन्धान एवं अनुचित अभियोजन भई तत्काल अभियुक्त थुनामा रहेता पनि मुद्दामा अन्तिम निर्णय हुँदा कसूरबाट सफाइ पाएमा निज थुनामा बस्नु परेको अवधिलाई न्यायोचित थुना मान्न सकिँदैन। त्यसरी थुनामा बस्नु पर्दाको परिणाम थुनामा रहेको व्यक्तिको वैयक्तिक स्वतन्त्रतामा क्षति पुग्नुका साथै निजको सामाजिक, आर्थिक र रोजगारी समेतका अधिकार एवं अवसरहरुमा क्षति पुग्ने हुँदा त्यस्तो क्षतिको सम्बोधन राज्यले कानूनसम्मत रुपमा नै गर्नुपर्ने हुन्छ"**[८] भनी यसै अदालतबाट भएको व्याख्या वैयक्तिक स्वतन्त्रतामा क्षति पुगेका व्यक्तिहरुका सम्बन्धमा आकर्षित हुने अवस्था छ। विना कारण एक क्षण पनि कुनै व्यक्तिको स्वतन्त्रता हनन् हुने कार्य गर्नु वा हुने अवस्था निर्माण गर्नु गैर जिम्मेवारपूर्ण कार्य भएकोमा कुनै विवाद नहुने तथा अधिकारको दुरुपयोग, सरकारका निकायहरुले अधिकार विहिन कार्यमा संलग्न हुनुले पनि कार्यक्षमतामा प्रश्न उठाउने प्रशस्त आधार निर्माण हुने एवं यस्तो कार्य त्यस्तो पदाधिकारीको कार्यसम्पादन मुल्याङ्कनको आधार बन्न जान्छ भन्ने सम्बन्धमा माथि उल्लेख भई सकेकोले उपर्युक्त व्याख्याको रोहमा थप विवेचना गर्नु परेन।

---

[८] अधिवक्ता अमृतप्रसाद श्रेष्ठ समेत विरुद्ध गृह मन्त्रालय समेत, ०६९-ws-००७६ , उत्प्रेषणयुक्त परमादेश, पृष्ठ १६

२६. निवेदक बन्दीहरु AFTAB HAMZA JASNAIK समेतलाई मिति २०७९।१०।८ मा विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ सम्बन्धी कसूर उद्योग मुद्दाको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गरी थुनुवा पूर्जी दिएको र मिति २०७९।१०।९ मा काठमाडौंका प्रमुख जिल्ला अधिकारीले प्रहरी वृत्त कालिमाटीलाई आवश्यक अनुसन्धान गर्ने गरी तोक आदेश भएकोमा सो वृत्तबाट प्रहरी निरीक्षक श्री वसन्त आचार्यलाई अनुसन्धान अधिकृत तोकेको देखिन आयो। मिति २०७९।१०।९ मा नै जिल्ला प्रशासन कार्यालयबाट निजहरुलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६) बमोजिम हिरासतमा राख्न मिति २०७९।१०।८ देखि लागु हुने गरी १०(दस) दिनको म्याद थप अनुमति लिएकोसमेत देखियो। यसरी प्रमुख जिल्ला अधिकारीको भनाईमा निजको अनुसन्धान गर्ने र मुद्दा हेर्ने दोहोरो भूमिका रहेको भन्ने सम्बन्धमा कानूनी प्रावधानको विवेचना हुनु पनि यहाँ आवश्यक देखिन आयो।

२७. सरकार वादी हुने फौजदारी मुद्दामा अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारी सम्बन्धी व्यवस्था हेर्दा, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ को दफा ५ मा **"यो अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दामा नेपाल सरकार वादी हुनेछ"** भनी उल्लेख गरेको भए पनि प्रस्तुत ऐन अन्तर्गतका मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा उल्लेख भएको देखिदैन। ऐ. कार्यविधि संहिताको अनुसुची-२ को देहाय (२) मा **"अनुसूची-१ मा उल्लेख भए बाहेक नेपाल सरकार वादी भै चलाइने फौजदारी मुद्दा वा नेपाल सरकारको निहित हक, हित वा सरोकार रहेको फौजदारी प्रकृतिको कसूर"** भनी उल्लेख भएको छ। अनुसूची-१ मा उल्लेख नभएका फौजदारी प्रकृतिका कसूर अनुसूची-२ मा पर्ने भनी वर्गिकरण गरेको भए पनि विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ मा अनुसन्धान अधिकृतको सम्बन्धमा उल्लेख भएको देखिदैन। यस अवस्थामा उपर्युक्त कार्यविधि संहिताको दफा ८ को **अनुसन्धान गरी सबुद प्रमाण संकलन गर्ने शीर्षक** अन्तर्गतको उपदफा (७) मा " **अनुसूची-२ मा उल्लिखित कसूरको अनुसन्धान गर्न कानूनमा कुनै अधिकारी तोकिएकोमा सोही अधिकारीबाट र त्यस्तो अधिकारी नतोकिएकोमा सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीबाट अनुसन्धान हुनेछ"** भनी उल्लेख भएकोले अनुसूची-२ मा पर्ने उक्त ऐन अन्तर्गतको कसूरमा अनुसन्धानकर्ताको रुपमा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी हुने भन्ने भएबाट प्रमुख जिल्ला अधिकारी अनुसन्धान गर्ने

अधिकार प्राप्त व्यक्तिको रुपमा रहेको देखिन आयो।

२८. कुनै घटनाका सम्बन्धमा कानूनमा अनुसन्धान गर्ने अधिकारी तोकिनु पहिलो प्राथमिकताको विषय हो भने त्यस्तो अनुसन्धान अनुसार कहाँ, कस्ले, कसरी मुद्दा दर्ता गरी सुनुवाई गर्ने गराउने भन्ने दोस्रो विषय हो। कुनै कानूनले मुद्दा हेर्ने अधिकारी नतोकेको वा कुन निकायले मुद्दा हेर्ने भन्ने सन्दर्भमा न्याय प्रशासन ऐन, २०७३ को दफा ७ को **जिल्ला अदालतको अधिकारक्षेत्र** सम्बन्धी शीर्षक अन्तर्गत उपदफा (१) मा "**प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो जिल्ला भित्रको जुनसुकै प्रकृतिका मुद्दा र संविधानको धारा १४५ को उपधारा (२) बमोजिम उच्च अदालतले सुनुवाई गर्न आदेश दिएको मुद्दामा शुरू कारबाही र किनारा गर्ने अधिकार हुनेछ**" भनी उल्लेख भएको देखियो। यसले मुद्दा हेर्ने अधिकारीबारे कानूनमा कुनै उल्लेख नगरेको अवस्थामा सम्बन्धित जिल्ला अदालतको अधिकारक्षेत्र रहने देखिन आयो। यसरी प्रस्तुत विवादमा प्रमुख जिल्ला अधिकारी अनुसन्धान गर्ने निकाय र सम्बन्धित जिल्ला अदालत मुद्दा हेर्ने निकायका रुपमा रहेको देखिन्छ। अनुसन्धान गर्ने निकाय र मुद्दा हेर्ने निकायका सम्बन्धमा राजीव पराजुली वि. भ्रष्टाचार नियन्त्रण शाही आयोगसमेतको मुद्दामा "**नेपाल अधिराज्यको संविधानले भ्रष्टाचार सम्बन्धमा अनुसन्धान तहकिकात गर्ने निकाय र मुद्दा हेर्ने निकायको छुट्टाछुट्टै व्यवस्था गरेकोमा छानबिन कारवाई गर्ने र सजाय गर्ने समेतको कार्य एउटै निकायलाई तोक्ने कार्य संविधानको उद्देश्य र भावना अनुकूल रहको भन्न मिल्ने समेत देखिन नआउने**"[९] भनी कानूनले नै छुट्टा छुट्टै निकाय तोकेको अवस्थामा आफै अनुसन्धान तहकिकात गर्ने र आफै मुद्दा हेर्ने अधिकारीको रुपमा एकै निकायलाई जिम्मेवारी दिनु संविधान विपरित हुने भन्ने यसै अदालतको विशेष इजलासबाट व्याख्या भएको देखिन्छ। प्रस्तुत विवादमा प्रमुख जिल्ला अधिकारीले नै अनुसन्धान गर्ने वा अनुसन्धान अधिकृत तोक्ने अधिकार प्रयोग गरेपछि आफैले मुद्दा हेर्ने अधिकारीको रुपमा कानूनले नदिएको अधिकारक्षेत्र ग्रहण गरी म्याद थप गरेको र कानूनले तोकेको जिल्ला अदालतबाट अनुमति लिएको नदेखिएको अवस्थामा टडकारै रुपमा न्यायका मान्य सिद्धान्तहरुको अवलम्बन नभएको देखिएको छ।

२९. तसर्थ, निज निवेदकहरुलाई पक्राउ गर्ने, हिरासतमा राख्ने तथा म्याद थप गर्ने कार्यहरु

---

९ ने.का.प. २०६२ अंक ११ नि.नं. ७६१८

उपर्युक्त फौजदारी न्यायको सिद्धान्त, कानूनी प्रावधान तथा नेपालको सविधानको धारा १७ तथा २० को उपधारा (४) र (९) अनुरुप नदेखिई कानून विपरीत एवं अनिवार्य रुपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी थुनामा राखेको देखिन आएको, प्रत्यर्थीहरुले समेत आफूहरुसँग उपर्युक्त बमोजिम थुनामा राख्न कानूनबमोजिम अख्तियार देखाउन नसकेको र निजहरुलाई थुनामा नै राख्नु पर्ने कुनै मनासिव एवं कानूनसँगतका कारण देखाउन नसकेकोबाट निज बन्दीहरु AFTAB HAMZA JASNAIK, KAJAL RAVI AGRAWAL, GURCHARAN SINGH MEHTA, ANUBHAV VERMA र HARSH SHARMA लाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम आजै यस अदालतको रजिष्ट्रारको रोहवरमा थुनामुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। निज बन्दीहरुलाई यस अदालतको रजिष्ट्रारको रोहवरमा थुनामुक्त गर्नु भनी छुट्टै संक्षिप्त आदेश जारी भई सकेको हुँदा थप केही गरिरहनु परेन।

३०. यस निवेदनमा निवेदकको माग अनुरुप बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्दा नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलन, २०७६ को घोषणापत्र तर्फ समेत यस इजलासको ध्यानाकर्षण भएकोछ। उक्त घोषणापत्रमा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूले संयुक्त रुपमा[१०] **"...अपराध अनुसन्धान र अभियोजनका क्रममा नागरिकका संविधान प्रदत्त मौलिक हकहरुको हनन् नहुनेतर्फ हामी सचेत, सजग एवम् प्रतिबद्ध रहेको पुनःस्मरण गराउन चाहन्छौं"** भनी घोषणा गरेबाट अपराध अनुसन्धान एवं अभियोजन सम्बन्धमा आ-आफ्नो जिम्मेवारी र दायित्व बोध तर्फ अग्रसर रहेको आफैमा प्रशंसा योग्य रहेकोले यस आशयको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित माथिल्लो नियमनकारी निकायहरुले संविधान प्रदत्त दायित्व निर्वाह गर्न थप जिम्मेवार भई आगामी दिनहरुमा **व्यक्तिहरुको अधिकारहरुको अझै उच्चसम्मान गरेको देखिने वातावरण निर्माण हुने** गरी प्रशासनिक व्यवस्थापन गरी/गराई यस निवेदनमा उल्लिखित प्रकृतिका काम कारबाहीमा कहाँ को चुकेको हो सो बारे सम्बन्धित निकायले मन्थन र विवेचना गर्ने विश्वास गरिएको छ।

---

[१०] नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०७६ बुँदा नं. ३ "लोकतान्त्रिक शासन व्यवस्थामा विचार तथा अभिव्यक्तिको स्वतन्त्रता समेतका नागरिक स्वतन्त्रताको गहन मूल्य हुन्छ भन्ने मान्यतामा अगाध आस्था प्रकट गर्दै नागरिक स्वतन्त्रताको संरक्षण र सार्वजनिक शान्ति र व्यवस्था कायम गर्ने विषयलाई समन्वयपूर्वक अगाडि बढाउनु पर्ने राज्यको दायित्वप्रति सबै पक्षबाट सकारात्मक सहयोग पुग्नेछ भन्ने विश्वास प्रकट गर्दै अपराध अनुसन्धान र अभियोजनका क्रममा नागरिकका संविधानप्रदत्त मौलिक हकहरुको हनन् नहुनेतर्फ हामी सचेत, सजग एवम् प्रतिबद्ध रहेको पुनःस्मरण गराउन चाहन्छौं।" भनी उल्लेख भएको छ ।

३१. यसरी, माथि विभिन्न प्रकरणमा विवेचना भएको आधार र कारणबाट कुनै पनि व्यक्तिलाई कुनै कारण देखाई पक्राउ गर्दा निजको विरुद्ध आकर्षित हुने कानूनबारे अनुसन्धानकर्ता र हिरासतमा राख्न म्याद थप गर्ने प्रकृयामा सहभागी सबै अधिकृतहरु स्पष्ट भई कानूनले निर्दिष्ट गरेको मार्ग अवलम्बन गरेको हुनु आवश्यक भएको तथा हिरासतमा राख्नु व्यक्तिको वैयक्तिक स्वतन्त्रतासँग सम्बन्धित महत्वपूर्ण मानव अधिकारको विषय भएको एवं प्रचलित कानूनको अक्षरसः पालना हुनु अपरिहार्य समेत हुँदा कानूनको पर्याप्त अध्ययन र विश्लेषण गरी कार्य सम्पादन गर्ने सम्बन्धमा उचित पदस्थापन, तालिम, निर्देशन, छुट्टै ईकाइ गठन लगायत अन्य जो उचित देखिन आउछ सो उपयुक्त उपायहरु अवलम्बन गर्न/गराउन प्रस्तुत मुद्दामा संलग्न अनुसन्धान गर्ने, अभियोजन गर्ने र मुद्दा हेर्ने निकायहरुको ध्यानाकर्षण गराइएको छ। यो आदेशको जानकारी प्रत्यर्थीहरु तथा नेपाल सरकार गृह मन्त्रालय समेतलाई दिन आदेशको प्रतिलिपी साथै राखी महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाई, फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी, मुद्दा दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनुहोला।

न्यायाधीश

उक्त आदेशमा सहमत छु।

न्यायाधीश

**इजलास अधिकृतः- निराजन पाण्डे**

**कम्प्युटर अपरेटरः- विष्णुदेवी श्रेष्ठ**

इति सम्बत् २०७९ साल माघ १९ गते रोज ५ शुभम् --------------------------------।